# १८. श्री अलि मियाँ

*[संवत् २०६१ साल कार्तिक १ गते रोज ७ का दिन आयोजित समारोहमा "विगत ६ दशकभन्दा बढी समयदेखि लोकगीत गायन र काव्य सृजनाद्वारा नेपाली लोक संस्कृति तथा नेपाली भाषालाई समृद्ध तुल्याउन निस्पृह, निर्लिप्त र निरन्तर योगदान गरिरहेबापत" प्रदान गरिएको संवत् २०६० सालको पुरस्कार 'जगदम्बा-श्री' ग्रहण गरेपछि श्री अलि मियाँले व्यक्त गर्नुभएको उद्गार । यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क १८१ बाट उद्धृत गरिएको हो । स्मरणीय छ, श्री मियाँजीको अस्वस्थताको कारण उहाँको यो उद्गार उहाँका जेठा छोरा हाजी हनिफ मियाँले पढेर सुनाउनुभएको थियो (हेर्नू- 'नेपाली' अङ्क १८१, पृष्ठ ३०)]*

समादरणीय अध्यक्षज्यू, सदस्यज्यूहरू, कविवर गोपाल पराजुलीज्यू, डा. मल्लज्यू र उपस्थित वाङ्मयप्रेमी महिला तथा सज्जनवृन्द,

भाषा, साहित्य, कला र संस्कृति राष्ट्रका अमूल्य निधि भएकाले जबसम्म यिनको उचित उत्थान र संरक्षण हुँदैन, तबसम्म राष्ट्रको समग्र र दिगो समुन्नति भएको ठहर्दैन । हामी नेपालीहरू वाङ्मयको छुट्टै पहिचानका माध्यमबाट विश्वसमक्ष परिचित छौं । हाम्रा सांस्कृतिक मूल्य र मान्यताहरूले विश्वसमक्ष दरो पहिचान बनाएकोमा सन्देह छैन । महान् कलाकार अरनिकोले आफ्नो मौलिक कलाका माध्यमबाट नेपाललाई विश्वमा नै प्रख्यात बनाउने कार्य गरेका थिए । भृकुटी र सीताले सजेको नेपालको माटोमा त्यसपछि हजारौं आदर्श छोराछोरीहरूले मलजल गरी यो माटोलाई अझ पवित्र र ऊर्जाशील पारेको तथ्यलाई पनि हामीले कदापि बिर्सनु हुँदैन । नेपाली भाषाप्रति प्रगाढ ममता दर्साउँदै यही भाषामा आफ्नो सिर्जनसीपको कसी लगाउँदै साहित्य सिर्जनामा कम्मर कसेर लाग्ने महान् पुर्खाहरूको सम्झना गर्नु म यतिबेला आफ्नो कर्तव्य ठान्दछु । जब देशमा सङ्कटका अवस्थाहरू आउँछन्, तब कलाकार र साहित्यकारहरूले आफ्नो सिर्जनालाई राष्ट्रिय सङ्कट निवारणका पक्षमा परिलक्षित गरेका हुन्छन् ।

**अध्यक्ष महोदय,**

नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति वि. सं. २०१२ सालमा स्थापित मदन पुरस्कार गुठीको आफ्नै ऐतिहासिक सन्दर्भ र महत्त्व रहेको छ । आफ्नो स्थापनाकालदेखि

नै गुठीले आफूलाई देशकै अग्रणी संस्थाको रूपमा पहिचान गराएकोमा सन्देह छैन। यस सन्दर्भमा म गुठीकी संस्थापिका स्वर्गीय जगदम्वादेवी राणा र संस्थाको निरन्तर समुन्नतिमा रगतको सङ्घर्ष गर्ने कमलमणि दीक्षित बाबुलगायत सबैप्रति हार्दिक आभार प्रकट गर्दै नतमस्तक हुन्छु। मैले यो बोल्दा अतिशयोक्ति हुँदैन कि कमलमणि दीक्षितको सद्भाव, ममता र कौशलपूर्ण नेतृत्वको निरन्तरता नपाएको भए मदन पुरस्कार गुठी आजको अवस्थामा आइपुग्ने थिएन। कुनै पनि संस्था आर्थिक रूपले जति सम्पन्न हुन्छ त्यति नै व्यवस्थापकीय कुशलता र नेतृत्वशील क्षमताको जरुरत पर्दछ। मलाई लाग्छ मदन पुरस्कार गुठी आफैमा परिपूर्ण, सम्पन्न र व्यवस्थापकीय क्षमता भएको गहकिलो संस्था हो। यस्तो गहकिलो, उत्तरदायी, चर्चित र नेपाली वाङ्मयको समुन्नतिमा प्रतिबद्ध संस्थाद्वारा विक्रमाब्द २०४५ सालमा स्थापित 'जगदम्बा-श्री' पुरस्कारद्वारा आज मैले सम्मानित हुने सौभाग्य प्राप्त गरेको छु। विगत छ दशकदेखि नेपाली लोकसाहित्यको संरक्षण र उत्थानमा मैले दिएको योगदान फलस्वरूप आज नेपालको चर्चित 'जगदम्बा-श्री' पुरस्कारद्वारा सम्मानित भएको छु। राष्ट्र र समाजको हितका निमित्त निरन्तर लागिपर्ने कुनै पनि व्यक्तिको समयको लामो कालखण्डपछि पनि मूल्याङ्कन हुँदो रहेछ भन्ने कुरा मैले प्राप्त गरेको यो पुरस्कारबाट पनि प्रमाणित हुन्छ। यस परिसन्दर्भमा म मदन पुरस्कार गुठी र पुरस्कार छनौट समितिप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु। मैले आफ्नो जीवनको सम्पूर्ण खण्ड नेपाली लोकसाहित्यको श्रीवृद्धिकै निम्ति अर्पण गरें। लोकसाहित्यको विकासमा नलागेको भए मैले भव्य महल खडा गरेर सुखमय जीवन बिताउन सक्ने थुप्रै सम्भावनाहरू थिए। भव्य महलमा बसेर सुखमय जीवन बिताउनुभन्दा अभाव र गरिबीले पिल्सिएका लाखौं नेपालीका पीडाजन्य अनुभूतिलाई लोकभाकामा उनेर उनीहरूमा चेतनाको दियो बाल्नुलाई मैले आफ्नो कर्तव्य ठानें। मलाई यतिबेला पोखरा रामबजारस्थित चौतारीमा नाङ्लामा चुरा पोते र सिन्दूर राखेर बेच्दै गरेको सङ्घर्षमय जीवनको याद आइरहेछ। त्यतिबेला जब ग्राहकविहीन बन्थें तब लाखौं नेपालीका दुःखका कथाहरू लोकगीतमा कोर्ने गर्थें। आँसुका अक्षरहरूमा आँसुकै कथा लेखेर मैले हिमाल, पहाड, तराई र सहरका बस्तीहरू जगाएँ। नेपालीको जीवन्त र मनोरम प्राकृतिक सौन्दर्यलाई टपक्क टिपेर आफ्ना भाकामा सम्हालेर मैले जीवनमा कहिल्यै पनि आफूलाई हेरिनँ। सदैव चेतनाको दियो कसरी बल्छ र अभाव र गरिबीको जाँतोमा पिल्सिएका नेपालीको जीवनस्तर कसरी उकासिन्छ भनी सोचें र त्यसै अनुरूपका गीति भाकाको खोजी गरेर गाएँ। पोखराको रमणीय माटोलाई बिर्सेर राजधानीमुखी बन्ने प्रवृत्तिलाई मैले अँगालिनँ। सेती नदीमा बगेको पानीको कलकल धुनसँगै नाच्न र गाउनमै म व्यस्त रहें। त्यसैले धेरैपछि मात्र मैले धेरैको आस्था र सम्भावनाको प्रतीक बनेको राजधानी चिनें। सत्य र न्यायको पक्षमा कलम चलाउनेलाई राजधानीवादको कुनै औचित्य छैन भन्ने तथ्यलाई अझै पनि म मनन र

चिन्तन गरिरहन्छु । मैले धार्मिक सहिष्णुताको मार्गमा आफूलाई सदैव हिँडाएँ । धर्मका नाममा गरिने भेदभाव, युद्ध र मोलाहिजालाई मैले कहिल्यै पनि राम्रो मानिनँ । मेरा निम्ति मस्जिद, मन्दिर र गुम्बा सबै भगवान्का पवित्र बासस्थान बने । आत्म-सन्तोषको बाटोमा हिँड्नेहरूलाई सदैव नवसिर्जनको सन्देश दिएँ । कुनैबेला राइफल र बन्दुक भिरेका मेरा काँधहरूले आज लोकसाहित्यको चुनौतीमय जिम्मेवारी बोकेका छन् । मेरा यही सकारात्मक सोचको प्रतिफलस्वरूप मदन पुरस्कार गुठीले मलाई जगदम्बा-श्री पुरस्कारबाट सम्मानित गरेको हो भन्ने मलाई लागेको छ ।

**अध्यक्षज्यू,**

देश यतिबेला विषम परिस्थितिबाट गुज्रिरहेको छ । हत्या, हिंसा, आतङ्क र त्यसको प्रतिकारका कारणले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका नेपाली जनताले कष्टप्रद जीवन बिताउनुपरेको छ । जे कुरा मान्छेले गर्नु हुँदैनथ्यो आज देशमा त्यही भइरहेछ । शान्ति सद्भाव, इमानदारी र कर्तव्यनिष्ठताले नै व्यक्तिले जीवनमा उल्लेख्य प्रगति गर्न सक्छ । देशका विद्यमान विषम परिस्थितिले गर्दा जनताले आत्मसन्तोषको सास फेर्न पाएका छैनन् । जब व्यक्तिभित्र अहम्ले जरा गाड्दछ तब उसमा मानवीय संवेदनशीलता हराउँछ । राष्ट्र सञ्चालनको जिम्मा लिनेहरू र नयाँ शासनपद्धतिको खोजीमा क्रान्ति गर्नेहरू दुवै पक्षका बीचमा मिलनविन्दुको खोजी गरी दीर्घकालीन शान्तिको वातावरण तय गर्नु आजको अनिवार्य आवश्यकता हो । यस सन्दर्भमा म दुवै पक्षमा नैतिक चेतनाको बहाली होस् र दुवै पक्षले आ-आफ्नो अहम् र आडम्बर त्यागी उच्च मानवीय भावनाले राष्ट्रनिर्माणको दिशामा अग्रसर हुन सद्भाव प्राप्त होस् भन्ने हार्दिक कामना गर्दछु । नेपालीहरूको महान् पर्व दसैंको पावन अवसरमा पनि म समस्त देशबासीको सुख, शान्ति, उत्तरोत्तर प्रगति र उज्ज्वलताका निम्ति समेत कामना गर्दछु । देश विषम परिस्थितिबाट गुज्रिरहेका बखत पुरस्कृत हुनुपर्दा केही अप्ठेरो महसुस भएको छ तापनि सबैले आफ्नो कर्मको फल लिनुपर्छ भन्ने मान्यता राखी मैले सहज रूपमा यो पुरस्कार ग्रहण गरेको हुँ ।

देशविदेशमा आफ्नो मन, वचन र कर्मले सत्कर्म गर्न आफ्नो जीवनमा प्रतिबद्धताका साथ लाग्नुभएकी स्वर्गीय रानी जगदम्बादेवीको नाममा स्थापित जगदम्बा-श्री पुरस्कारको नेपाली वाङ्मयमा गरिमामय महत्त्व रहेको मैले यसको स्थापनाकालदेखि नै पाएको हुँ । अघिल्ला वर्षहरूमा जसजसले यो पुरस्कार प्राप्त गर्नुभयो उहाँहरू नेपाली भाषा, साहित्य, कला र संस्कृतिको समुत्थानमा प्रतिबद्ध रहनुभएका महान् आदर्श व्यक्तित्व भएको मैले पाएको छु । त्यस्ता महान् व्यक्तिहरूले पाएको जगदम्बा-श्री पुरस्कार पाउने सौभाग्य मिलेकोमा मलाई म पनि कतिपय कुरामा आदर्श व्यक्तित्व रहेछु भन्ने लागेको छ । नेपाली वाङ्मयको क्षेत्रमा मैले जेजति गरेँ त्यो पूर्ण छ भन्न म सक्तिनँ तापनि जति गरेँ त्यसबाट म अत्यन्त सन्तुष्ट छु । मेरो

योगदानको मूल्याङ्कन थुप्रै सङ्घसंस्था र व्यक्तिहरूले गरेका छन् र गरिरहनेछन्। मेरो जीवनीमा आधारित कृतिहरू प्रकाशित गर्ने मेरा शुभचिन्तकहरूप्रति म यस पावन सन्दर्भमा हार्दिक आभार प्रकट नगरिरहन सक्तिनँ। नेपाली जनताको मायाले मलाई बाँधेको छ। अझै धेरै समय बाँचेर लोक वाङ्मय श्रीवृद्धिमा थप योगदान दिन पाए हुनेथियो भन्ने कताकता मनभित्र भावना मौलाउँछ तर शारीरिक अस्वस्थता र ढल्कँदो उमेरको कारण निभ्न लागेको दियोझैं छटपटछटपट चलिरहन्छ। जीवनमा प्राप्त गरेको उज्यालो अरूका निम्ति पनि पस्कन पाएको छु। मैले घरपरिवारबाट प्राप्त गरेको सहयोग र सद्भाव नै मेरो जीवन्त इतिहासको प्रमुख आधार हो। नितान्त एक्लो अवस्थाबाट सङ्घर्ष गर्दै म समाजमा प्रकट भएको थिएँ। मैले गाएका गीतको मर्म बुझेर मलाई लोककविको सम्मान प्रदान गर्ने जनसमुदायप्रति म सदैव नतमस्तक भइरहें। लोक कवित्वलाई अझै ऊर्जाशील बनाउनका लागि मैले आफ्नो जीवनको उत्तरार्द्धमा पनि लोकगीत र लोकभाकाको सङ्कलन गर्न म अग्रसर भएँ। स्वास्थ्यले साथ दिएमा म अझै पनि उक्त कार्य गर्न इच्छुक छु। मैले जीवनमा प्राप्त गरेका सम्मान तथा पुरस्कारमध्ये यो पुरस्कार आर्थिक र अन्य दृष्टिले समेत ठूलो पुरस्कार हो। कुनै पनि पुरस्कारको महत्त्व संस्थापकको नैतिक चरित्रसँग पनि गाँसिएको हुन्छ। जगदम्बा-श्री पुरस्कार शुद्ध नैतिक चरित्र भएका विद्वद्वर्ग संलग्न रहेको संस्थाबाट स्थापना गरिएको पुरस्कार हो भन्ने कुरामा म विश्वस्त छु। आज मसँगै नेपालका चर्चित साहित्यकार गोपाल पराजुली पनि अर्को चर्चित मदन पुरस्कारबाट सम्मानित हुनुभएको छ। उहाँसँगसँगै सम्मानित हुन पाएकोमा पनि मलाई अर्को आनन्द लागेको छ। म उहाँको साहित्यिक जीवनको उत्तरोत्तर प्रगतिका निम्ति हार्दिक शुभेच्छा व्यक्त गर्दछु।

अन्त्यमा, नेपाली लोकवाङ्मयको क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिको अन्त्य होस्, शुद्ध नेपाली पारामा लोकवाङ्मयले उन्नतिको शिखर चढोस् र यस क्षेत्रमा लाग्ने युवापिँढी विशेष रूपमा सचेत बनोस् भन्ने कामना गर्दछु। साथै मलाई २०६० सालको जगदम्बा-श्री पुरस्कार प्रदान गर्ने संस्था मदन पुरस्कार गुठीप्रति पुनः एकपटक आभार व्यक्त गर्दछु।

⊠ ⊠ ⊠